रोल्पा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लिवाङ, रोल्पा
५ नं. प्रदेश, नेपाल

पत्र सं.-२०७४/७५(प्रशा.) मिति-२०७५/०२/०८

च.नं.

हार्दिक अपिल

वैदेशिक रोजगारीको सिलसिलामा साउदी अरब पुगेका रोल्पा नगरपालिका वडा नं १० धवाड निवासी दिलबहादुर घर्तीमगरलाई साउदी अरबको उच्च अदालतले मृत्युदन्डको फैसला सुनाएकोमा ब्लडमनिको आवश्यक रकम र जीवन रक्षार्थ रोल्पा नगरबासी सम्पूर्ण दाजुभाई दिदी बहिनीहरु तथा स्वेदश र विदेशमा वस्नुहुने सबै नेपालीहरुले आ-आफनो सामर्थ्य अनुसार सहयोग गर्नुहुन विनम्र अनुरोध गरिन्छ । साउदी स्थित अल दोआदमी भन्ने स्थानमा कार्यरत रहदा निजले चलाएको सवारी दुर्घटना भई साउदी नागरिको निधन भएपछि साउदी अदालतमा घर्ती विरुद्ध मुद्धा दायर भएको थियो । अदालतले घर्तीलाई दोषी ठहर गरि ब्लडमनी स्वरुप २ लाख २५ हजार साउदी रियल, अर्थात झन्डै ६५ लाख नेपाली रुपियाँ क्षतिपूर्तिको रुपमा तिर्नु पर्ने फैसला सुनाएको छ ।

यस्तो दुखद अवस्थामा रोल्पा नगरपालिकाले स्थानीय सरकारको अभिभावकत्व ग्रहण गर्दै रु. एक लाख रुपैयाँ दिलबहादुर घर्तीको जीवन रक्षार्थ दिने निर्णय गरेको छ ।

साथै, नेपाल सरकारलाई आफ्नो नागरिक अनाहकमा विदेशी जेलमा मृत्युदन्ड कुरिरहेको दुर्भाग्यपूर्ण अवस्थामा राज्य स्तरबाट पहल गर्न र निजको जीवन रक्षा गरिदिन सम्बन्धित सरोकारवाला सबै निकायसँग रोल्पा नगरपालिका हार्दिक अपिल गर्दछ ।

पूर्ण के.सी.
नगर प्रमुख

पैसा जम्मा गर्ने फोन नं. १६६-०८६-४४४४५ ☎०८६-४४००७१, ☎०८६-४४०३७२